*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९
नेपाल सम्बत् ११३६
इस्वी सम्बत् २०१५
बिक्रम सम्बत् २०७२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**25th DECEMBER 2015**

| वर्ष- ३३ | अङ्क- ८ | योमरी पुन्हि | पौष २०७२ |
|---|---|---|---|





सत्पुरुषहरूले सबै कुरा त्याग गर्छन्। शान्त भएर पञ्चकाम सुख विषयका कुरा केही गर्दैनन्। सुख होस् वा दुःख होस्, त्यस विषयमा केही पनि बोल्दैनन्।

यस संसाररूपी समुद्र देखि उता पार जाने मानिस थोरै हुन्छन्। अरू बाँकी सबै यतै तिरै तिरमा दगुरी रहने हुन्छन्।

राम्ररी देशना गरिएको सद्धर्म अनुसार आचरण गर्ने व्यक्ति नै यस्तो दुस्तर सागरलाई पार तरेर जान्छ।

सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले अलि अलि गरी क्रमशः आफ्नो चित्तमल निखार्नु पर्छ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भगवान् बुद्धलाई चिनौं

भगवान बुद्ध कस्तो व्यक्ति हुनुहुन्छ ? उहाँको व्यक्तित्त्व बुझ्नको लागि हामीले उहाँको जीवनी उल्लेख गरिएको पुस्तक, उहाँले सिकाउनु भएको शिक्षाहरू संगालिएको त्रिपिटक पनि अध्ययन गर्न सक्छौं । त्यही पुस्तकहरू अध्ययन गरेको आधारमा हामीले बुद्धलाई चिन्ने कोशिस गरौं–

बुद्ध जीवनीले भगवान बुद्ध प्राणीहरूलाई उद्धार गर्ने लक्ष लिई यस संसारमा जन्म लिनु भएको भन्ने कुरा बुझाउँछ । कपिलवस्तु राज्यको राजकुमार सिद्धार्थको रूपमा रहनु भएका उहाँले एकपटक बुद्ध, रोगी, लास, र एक त्यागी भिक्षुलाई देखी सांसारिक माया र मोह त्याग गर्नुभई बोधि ज्ञानको खोजीमा लाग्नु भएको कुरालाई बुद्धजीवनीले बताइरहेको छ ।

सूत्रपिटक अर्न्तरगत रहेको धर्मचक्र सूत्र अध्ययन गर्दा सिद्धार्थ कुमारले बहुजन हितको लागि बोधिज्ञान प्राप्त गरी यस ज्ञानलाई प्रचार गर्नुभएको थियो । उहाँ परम्परावादी होइन आफूले अनुसन्धान गरी पत्ता लगाएको प्राकृतिक ज्ञान सिकाउनुभएका एक मार्ग प्रदर्शक हुनुहुन्छ ।

बुद्ध जीवनीमा उल्लेख भएनुसार उहाँसंग ऋद्धि चमत्कार सम्बन्धि लौकिक ज्ञान भएपनि यस लौकिक चमत्कारमा भुल्नाले लोकुत्तर एवं आध्यात्मिक सुख प्राप्त गर्ने कार्यमा बाधा पुग्ने भएकोले उहाँले विनय पिटकका भिक्षुहरूलाई ऋद्धि प्रदर्शन गर्न प्रतिबन्ध लगाउनु भएको थियो ।

सूत्र पिटक अध्ययन गरेर हेर्ने हो भने भगवान् बुद्ध आफ्नो मन र पञ्चइन्द्रियलाई बसमा राख्न सक्षम महापुरूष हुनुहुन्छ। तर साधारण मानिसहरू भने मनको बसमा लाग्ने र मनले जे इच्छा गर्छ सोही इच्छा परिपूर्ति गर्नको लागि मेहनत गर्ने हुन्छन् ।

भगवान बुद्धले बुद्ध शिक्षा अध्ययन गरी बिद्वान बन्ने व्यक्तिलाई भन्दा राम्रो आचारण र राम्रो व्यवहारले युक्त शुद्ध चरित्र सहितको व्यक्तिलाई प्रशंसा गर्नु भएको देखिन्छ । किनभने धर्मलाई अध्ययन गर्नु (परियत्ति), धर्मानुकुल आचरण गर्नु (प्रतिपत्ति) र सोही आचरण प्रयोग गरी प्राप्त भएको राम्रो फल भोग गर्दै मुक्ति मार्ग (प्रतिवेध) प्राप्त गर्न सक्नु नै बुद्ध शिक्षाको लक्ष हो ।

तर अध्ययनमा मात्र अल्झिन पुगेका हामीले अध्ययन गरेको बुद्ध शिक्षालाई आफ्नो आचरणमा ढाल्न सकिरहेका छैनौं । फलस्वरूप अन्तर्मुखी बन्न नसकी बहिर्मूखी बन्दै आफू ठीक अरू बेठीक, आफु जान्ने सुन्ने अरू अबुझ सम्झदै पाइला पिच्छे अरूको कमी कमजोरी औंल्याउँदै हिँड्न रमाइरहेका छौं। यस कार्यलाई नै विद्वान व्यक्तिको कार्य ठान्दै भ्रममा परिरहेका छौं। त्यसैले आफ्नो गल्ती र कमजोरीहरूलाई चाल पाएपनि अबुझ र बेहोशी बन्न शिपालु भइसकेका छौं हामी । आ-आफ्नो अधिकार प्राप्त गर्न खुब लड्छौं अरूको अधिकार भने मिच्न पछि पर्दैनौं। यही खराब एवं संकुचित स्वार्थी बानी व्यवहार प्रयोग गर्दै हामी आफुले आफैलाई ठगिरहेका छौं । निर्वाण कामना गर्दै निर्वाणको बाटोबाट विमुख भइरहेका छौं। यसरी बुद्ध शिक्षाको लक्ष र हाम्रो वास्तविक बानी व्यवहारमा आकाश र जमीनको अन्तर रहेको देखिन्छ ।  जसले गर्दा हामी आध्यात्मिक सुखबाट धेरै टाढिँदै छौं ।

भगवान् बुद्धले नारी पुरूष बिचको भेद्भावलाई पन्छाई यी दुई बिच समान ब्यवहार गर्नुपर्ने शिक्षा दिंदै भिक्षु, भिक्षुणी, उपासक र उपासिका चार परिषदलाई बुद्ध शासन रूपी रथको चार पांग्रा बनाएर जानु भएको कुरा सर्वविदितै छ ।

तर आजभोली यी चार परिषद मध्ये एक भिक्षुणी परिषद कुनै कारणवस लोप भइसकेको कारण देखाई यसलाई पुनः उत्थान गर्न नमिल्ने विवशतालाई देखाइएको छ। यसरी बुद्ध शासन रूपी रथको ४ पांग्रा मध्ये एउटा पांग्रा लोप भएकोले यो रथ अपांग बनिरहेको छ । यस अपांग रथलाई सपांग बनाउन चीन, कोरीया र ताइवान जस्ता उदार चित्त भएका सर्वास्तिवाद महायानीहरूले भिक्षुणी शासनलाई पुनर्जागरण गर्ने कार्य गरी बुद्ध शिक्षा प्रचार प्रशार कार्यमा लागिरहेका छन्। तर अपाङ्ग रथलाई अपाङ्ग नै बनाई रमाउन विवस थेरवादी बुद्धशासनले भिक्षुणीको रूपमा बुद्ध शासन थामिरहेका प्रव्रजित त्यागी



Downloaded from http://www.dhamma.digital

नारीहरूलाई भिक्षुणीको नामले होइन अनागारिका (घर त्याग गरेर आएका नारी) को नाम दिन विवस देखिन्छन्। यसरी नै दलाईलामा अन्तरगतको महायानमा पनि भिक्षुणी को संज्ञा दिन नसकी प्रव्रजित त्यागी नारीहरूलाई आनीको संज्ञा दिँदै आइरहेको देखिन्छ।

तर भगवान बुद्धले २५०० वर्ष अगाडि अर्थात् बुद्धकालिन समयमा नै संसारको अनित्य दुःख र अनात्म आदि त्रिलक्षण स्वभाव देखेर डराई उक्त भयबाट मुक्त हुने उद्देश्यले त्यागी बन्ने जो कोही व्यक्तिलाई पनि भिक्षु भिक्षुणी भन्न सकिन्छ भनि भिक्षु भिक्षुणीको परिभाषा दिनु भएको बुझिन्छ। यस कुरालाई उहाँको यस कथनले प्रष्टाइएको छ–

**"संसार भयं इक्खतीति भिक्खु भिक्खुनी"**

अर्थात् संसार भय देखेर डराई उक्त भयबाट मुक्त हुने कार्यमा जुन व्यक्ति अभ्यासरत रहन्छ, उक्त व्यक्तिलाई भिक्षु वा भिक्षुणी भनिन्छ।

बुद्ध शिक्षानुसार यस छोटो अवधि भरको जीवनमा हामीले कलह र झैझगडालाई हटाई अरूलाई बाधा नदिईकन अरूको जीवनमा हस्तक्षेप नगरीकन आफ्नो जीवन बिताउन सक्नु नै आदर्शमय सफल जीवन हो।

नामले कोही उँच नीच कदापि हुँदैन। मुख्य त काममा भर पर्दछ। कामले मात्र उँच नीच हुने हो। उदार चित्त सहितका विद्वानवर्गले यस विषयमा गहिरिएर विचार पुऱ्याउनु आवश्यक छ।

भगवान् बुद्धको वचनलाई संयुक्त निकायमा यसरी उल्लेख गरिएको छ–

"हे भिक्षुहरू हो। मैले भनेको कुराले र मैले गरेको कार्यले तिमीहरूलाई कुनै बाधा पुगेको छ भने यसलाई मैले सुधार्ने छु।"

भगवान् बुद्धको यस वचनले भनिरहेको छ–

बुद्ध स्वयंले अरूको जीवनमा कुनै हस्तक्षेप गर्न चाहनु हुन्न। भगवान बुद्धको उदार चित्तको नमूना हो यो। उहाँको आदर्शलाई सिकी यसलाई पालन गर्न सकेमा कसैको कारणले कसैको स्वतन्त्र जीवनमा हस्तक्षेप हुने नै थिएन। यस्तो हुन नसक्नु नै ठूलो दुर्भाग्य हो।

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७२ *मंसीर* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| १ गते, मंगलबार, संक्रान्ति | सुवण्णवती | पञ्ञावती |
| ३ गते, बिहीबार, अष्टमी | शुभवती | वीर्यवती |
| ९ गते, बुद्धबार, पूर्णिमा | अमता | वीर्यवती |
| १७ गते, बुद्धबार, अष्टमी | अमता | दानवती |
| २५ गते, बुद्धबार, औंशी | शुभवती | केशावती |

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ जन्मेको पाँचौं दिनमा **नामाकरण** गरियो। सर्व अर्थ सिद्ध गर्ने हुनाले उहाँलाई सर्वार्थसिद्ध वा सिद्धार्थ भनियो।

★ सिद्धार्थको नामाकरणको दिन आठ जना ब्राह्माणहरूले उनलाई भविष्यमा बुद्ध हुन्छ भनी भविष्यवाणी गरेका थिए। तिनीहरू थिए– राम, धज, लक्ष्मण (लक्षणा), मन्त्री (=मन्ती), भोज, सुयाम, सुदत्त र कौण्डण्य। ती मध्ये सबभन्दा कान्छो कौण्डण्यले सिद्धार्थ पक्कै बुद्ध हुन्छ भनी ठोकुवा गरेका थिए।

★ सिद्धार्थ जन्मेको सातौं दिनमा उहाँकी आमा महामायादेवी परलोक भइन्। त्यसपछि सिद्धार्थलाई उहाँकी कान्छीआमा प्रजापति गौतमीले हुर्काइन्। (तु० ११७)

★ उनन्तीस वर्षको उमेरमा सिद्धार्थको छोरो राहुलको जन्म भएको थियो।

★ सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा बहुजन हितको लागि **महाभिनिष्क्रमण** (=गृहत्याग) गर्नुभएको थियो। *साभार- बौद्ध दर्पण*





Downloaded from http://www.dhamma.digital

# शील - कथा

✍ **कल्याण मित्र सत्यनारायण गोयन्का**

लेख-पढ गर्दा "धर्म" शब्दको प्रयोग धेरै ठाऊँमा गरिन्छ । कहीं साधकहरू मिथ्या भ्रान्तिमा नपरून् । यहाँ धर्मको अर्थ कुनै सम्प्रदायको लागि प्रयोग गरिएको होइन । धर्मको अर्थ हो, एउटा यस्तो सुख-शान्तिमय जीवन-आदर्श जुन आफ्नो लागि मात्र होइन समस्त मानव समाजको लागि अझ भनुँ समस्त प्राणी जगतको लागि सुख-शान्ति र कल्याणको साधन हो। धर्मको शुद्धता यस अर्थमा हुन्छ कि त्यो कुनै व्यक्ति विशेष, वर्ग-विशेष, जाति विशेष, समूह विशेष, राष्ट्र-विशेष अथवा देश-विशेषको परिधि भित्र सिमित हुनु हुँदैन । यस्तो भयो भने सत्य हुँदैन, सद्धर्म हुँदैन । त्यो एउटा सम्प्रदाय हुनजान्छ । शुद्ध-सद्धर्मको विशेषता यही हो कि त्यो मानव मात्रको लागि समान रूपले सहज र ग्राह्य पनि हुनुपर्छ, कल्याणकारी हुनुपर्छ। जहाँ सद्धर्म छ त्यहाँ मानव-मानव बीच विभाजन गर्न सक्दैन । कसैलाई धर्मको अधिकारी र कसैलाई धर्मबाट बञ्चित गर्न सक्दैन । सद्धर्ममा कुनै विधानको अन्ध रूपले अनुकरण गरिँदैन। यसबाट त प्रत्येक मनुष्यले आफ्नो तथा अन्यको लाभ हानी थाहापाउँदछ र सबैको भलाईको लागि शान्तिमय जीवन जीउनेतरीका सिक्दछ। काय र वाणीको दुष्कर्मबाट अलग्ग रहेर कसरी शीलवान तथा सदाचारी हुनसकिन्छ ? आफ्नो कल्याणको मार्ग कसरी पहिल्याउन सकिन्छ ? अन्य व्यक्तिहरूको सुख-शान्ति कायम राख्ने कार्यमा कसरी सहायक बन्न सकिन्छ ? शील तथा सदाचार कायम राख्नको लागि मन वशमा राख्ने कार्य कसरी सिक्न सकिन्छ ? अन्तरमुखी रहेर कसरी प्रज्ञा जागृत गर्न सकिन्छ ? मनोविकारलाई निरन्तर नियन्त्रण अथवा दमन गर्नुको बदलामा उच्छृङ्खल बनाएर खुल्ला छुट दिइरह्यो भने प्रज्ञाद्वारा त्यसलाई पूर्णतया सहजरूपले कसरी शमन गर्न सकिन्छ ? चित्तलाई शुद्धतामा कसरी प्रतिष्ठित गर्न सकिन्छ ? मुक्ति-विमोक्षको आस्वादन कसरी गर्न सकिन्छ? परमपद निर्वाणको साक्षात्कार कसरी गर्न सकिन्छ ?

यस्तो शील, समाधि, प्रज्ञा र विमुक्ति कुनै निश्चित व्यक्ति-विशेष तथा वर्ग-विशेष अथवा सम्प्रदाय-विशेष कसरी हुनसक्छ ? यो त सर्वशुलभ छ। जस्ले शील पालन गर्छ उसले समाधिबाट चित्तलाई वशमा राख्ने अभ्यास गरेर प्रज्ञाद्वारा चित्त विशोधन गर्दै मुक्ति प्राप्त गर्न सक्छ। शील, समाधि, प्रज्ञा र विमुक्ति नै शुद्ध धर्म हो, यही सद्धर्म हो ।

यही शील, समाधि र प्रज्ञाको अभ्यासबाट शुद्ध धर्ममय जीवन जीउने अभ्यास गर्नको लागि कुनै सम्प्रदायमा दीक्षित हुनै पर्छ भन्ने छैन। कुनै सम्प्रदायमा दीक्षित भएर मात्र सुख-शान्ति प्राप्त हुन्छ भन्ने छैन । यस्तो त कदापी हुँदैन । कुनै जाति, वर्ग, देश, काल र कुनै पनि भाषा बोल्ने व्यक्ति जब चाहन्छ तब शील, समाधि र प्रज्ञा धर्मको अभ्यास गर्न सक्छ र सुख-शान्तिको जीवन व्यतीत गर्न सक्छ। यसलोक र परलोक सुधार्न सक्छ, आफ्नो र अन्य व्यक्तिहरूको हितसुखमा सहायक बनेर आध्यात्मिक उन्नति गर्न सक्छ।

शील यस कल्याणकारी मार्गको प्रथम चरण हो। शील यस आध्यात्मिक जीवनको जग हो, आधार शीला हो। बिना शील पालन गरेर कोही व्यक्तिले सम्यक् समाधि प्राप्त गर्नु सम्भव छैन । शील, समाधिमा प्रतिष्ठित नभईकन अन्तर प्रज्ञा जागृत गरेर अन्तर मनको सम्पूर्ण विकार निर्मल गर्नु असम्भव छ । अतःशील यस कल्याणकारी शुद्धधर्मको प्राण स्वरूप हो

आऊ, शील के हो ? यसलाई बुझौं ।

काय र वाणीको दुष्कर्मबाट अलग्ग रहेर, मुर्खतापूर्ण दुराचारी जीवनबाट पर रहेर, समझदारी पूर्वक सदाचारमय जीवन जीउनु नै शील हो । दुराचारमय जीवनले व्यक्ति-व्यक्तिमा समाज-समाजमा दुर्भावना, द्वेष, द्रोह र विग्रह पैदा गर्दछ । जब कि सदाचारमय जीवनले सुख-शान्ति सद्भावना र मैत्री पैदा गर्दछ । पहिलो दुराचारी जीवन दोषपूर्ण जीवन हो भने दोस्रो निर्दोष जीवन। दुराचारी जीवनले आफ्नो तथा अन्य सबै व्यक्तिहरूको लागि असीम दुःखको प्रजनन र संवर्धन गर्दछ भने सदाचारी जीवनले दुःखको शमन तथा निर्मूल गर्दछ। आऊ, अब पाँच शीललाई राम्ररी केलाएर हेरौं।

पहिलो – हिंसाबाट विरत रह्यौं भने मैत्रीकरूणाको



Downloaded from http://www.dhamma.digital

मंगलभावको विकास हुन्छ। हिंसा गऱ्यो भने क्रोध, द्वेष, द्रोह र दुर्भावनाको पोषण हुन जान्छ। यो शीलले मनुष्य-मनुष्य प्रति मात्र होइन पशु तथा अन्य प्राणीहरूमा पनि सौमनस्यताको भाव पैदा गर्दछ। यस शीलबाट "**जीवों जीवस्य भोजनम्**", "मारो या मरो" भन्ने जंगली कानूनबाट टाढा राख्दछ। सबै प्राणीहरूलाई आत्म भाव अर्थात् "**अत्तानं उपमं कत्त्वा**" भन्ने सत्य तिर देखाउँदछ। "**बाँच र बाँच्न देऊ**" भन्ने मैत्रीपूर्ण वातावरण तयार गर्दछ र प्राणीहरूको सुख-सम्वर्धन गर्दछ।

दोस्रो – अदिन्नादानबाट अलग्ग रहेर लोभजन्य दुराचरणबाट बच्न सकिन्छ। लुकी-छिपी, चोरी गर्नु मात्र अदिन्नादान होइन, लोभी, लालची भएर अधर्मपूर्वक मिथ्या आजीविकाको साधन अपनाएर धन-संग्रह गर्नु र जनतालाई निर्धन-दुःखी बनाउनु पनि अदिन्नादान हो, चोरी हो। यस शील पालन गरेमा अन्ध स्वार्थताबाट बाँचेर परदुख प्रति करूणा प्रज्वलित गर्न सकिन्छ। सबैको हित, न्यायोचित जीवन-यापनको लागि अनुकूल वातावरण तयार गर्नमा सहायक हुन सक्छ।

तेस्रो – काम सम्वन्धी दुराचारणबाट अलग्ग रहेर आफू भित्र निहीत दुर्दमनीय पाशविक वासनालाई दमन गरेर आत्म संयम रहने अभ्यास गर्न सकिन्छ। पारिवारिक र सामाजिक व्यवस्थाको संतुलन र सबैको सुखद स्वास्थ्य सुरक्षामा मद्दत गर्न सकिन्छ।

चौथौं-वाचिक दुष्चरित्रबाट अलग्ग रहेर वाणीलाई संयम गर्न सकिन्छ। झूठो बोल्ने, कडा वचन बोल्ने, निन्दा–चुगली गर्ने, निरर्थक बोल्ने बानी छोडेर स्वयं बेचैन हुनबाट बच्न सकिन्छ। अन्यलाई हानी हुने कार्यबाट अलग्ग रहेर, साँचो, सीधा, मीठो कल्याणकारी वाणी बोलेर अन्य तथा स्वयं शान्त सुखी हुन सकिन्छ।

पाँचौ – मादक पदार्थ सेवन गर्नबाट अलग्ग रहेर हामी स्वयं आफूमात्र बन्चित रहँदैनौं बल्कि यस्को मादमा परेर अन्य व्यक्तिहरूको सुख-शान्ति भंग गर्ने पागलपनबाट समेत बच्न सक्छौं।

यस प्रकार हामी थाहा पाउँछौ कि सबै शील आत्महित तथा परहितको लागि नै हुन्। कोही हत्यारा, लोभी, ब्यभिचारी, झूठो बोल्ने र मद्यपान गर्ने व्यक्ति आफ्नो इन्द्रियलाई कसरी बशमा राख्न सक्छ ? आफ्नो मनलाई कसरी स्थीर-शान्त राख्न सक्छ ? प्रज्ञा जागृत गरेर आफ्नो मनमा उठ्ने विभिन्न विनाशकारी मनोविकार बाट कसरी मुक्त हुन सक्छ ? कसरी परमपद निर्वाणको साक्षात्कार गर्न सक्छ ? कसरी असीम मैत्री, करूणा, मुदिता र उपेक्षाको सर्वमांगल्यमय विहारको जीवन जीउन सक्छ ? स्वयं आफ्नो हित गर्न नसक्ने ब्यक्तिले अन्य ब्यक्तिको हित-सुखको लागि के सहयोग गर्न सक्छ ? उसले त अन्यलाई पनि हानी नै पुऱ्याउँछ।

यस शुद्ध धर्म-पथको यात्रा आरम्भ गर्दा जब हामी शील पालन गर्ने अभ्यास गर्छौं, यसबाट कुनै सम्प्रदायको खोक्रो रीतिरिवाज गरिरहेका छैनौं, कुनै पुस्तकमा लिखित विधि-विधानमय निर्जीव कर्मकाण्डको अनुष्ठान गरिरहेका छैनौं, कोही मत-प्रवर्तक ब्यक्ति विशेषको स्तुति-प्रार्थना पूजा-अर्चनामा अल्झिदैनौं, कुनै मिथ्या अन्धविश्वासमा अल्झेर बिना सोच विचार रूढि-परम्पराको शिकार बन्दैनौं, कोही लकीरको अन्धो फकीर बन्दैनौं बल्कि धार्मिक जीवन जीउन सिक्छौं। त्यो पनि सोच-विचार गरेर आत्म कल्याण तथा पर कल्याणको मंगलभावहरूले स्वतः प्रेरित भएर रहने हो। सार्वजनीन हित-सुख र मंगल-स्वस्तिको भावले अनुप्राणीत भएर रहने हो। यो एउटा यस्तो जीवन पद्धति हो, स्वस्थ आचरण संहिता हो जुन कोही अन्य ब्यक्तिहरूले हामी माथि ठोपेको होइन, जुन भयभीत भएर मजबुरण ग्रहण गर्न बाध्य भयौं। शील पालन गरेर अन्तर मनमा कुनै प्रकारको गाँठो बाँध्दैनौं बल्कि स्वस्थ चित्तले स्वस्थ ब्यक्ति एवं स्वस्थ समाजको निर्माण गर्दछौं।

यस्तो छ यो शील। यस्तो छ यो शुद्ध धर्मको प्रथम चरण। सद्धर्मको पहिलो कल्याणकारी स्वरूप। सबैको लागि ग्रहणीय धर्म। सबैको लागि समानरूपले मंगलमय।

अतः आऊ साधकहरू। हामी शीलवान बनूँ जसबाट स्वयं पनि सुख-शान्तिको उपभोग गर्न सकूँ तथा अन्यको पनि सुख-शान्तिमा सहायक बनौं। शील टुट्यो भने आफ्नो पनि सुख-शान्ति भंग हुन्छ, अरूको शान्ति पनि भंग हुन्छ। आफ्नो पनि अन्यको पनि हित-सुख दूर हुन्छ।

हामी कसैको हत्या गर्दछौं, अन्यको सामान चोर्छौं, ब्यभिचार गर्छौं; झूठ, छल, कपट वाणी बोल्छौं; क्रूर, चुगली, निरर्थक कुरा गरेर अन्यलाई दुःखी त बनाउँछौ नै साथ-साथै स्वयं पनि हिंसा, क्रोध, लोभ, इर्ष्या, द्वेष, लोलुपता, कटूतापूर्ण व्यवहारले आफ्नो मन-



Downloaded from http://www.dhamma.digital

मानस भरेर मनको निर्मलताबाट टाढा रहन्छौं । आफ्नो सुख शान्ति नष्ट गर्दछौं । यस्तै प्रकारले नशालू पदार्थ सेवन गरेर हामी पराधीन बन्छौं, गुलामी बन्दै जान्छौं र नशाबाट प्रमत्त भएर आफ्नो र अन्यको अहित गर्दछौं ।

प्रत्येक शील भंग गर्दा आफ्नो र अन्य सबैको हानी त हुन्छ नै परहित गर्ने मंगलभावना नभए तापनि कम से कम आत्महितको लागि भए पनि, स्वार्थ सिद्धिको लागि भए पनि शील पालन गरौं ।

आफ्नो स्वार्थ पूरा गर्नु नराम्रो होइन । तर आफ्नो सही स्वार्थ के मा छ त्यो त थाहा पाउनु पर्छ । सही स्वार्थ त्यही हो जस्मा अन्यको स्वार्थ पनि निहीत छ । आफ्नो सुख त्यही हो जस्मा अन्यको सुख पनि सामेल छ । सही शान्ति त्यही हो जसबाट अन्य ब्यक्तिको शान्ति भंग हुँदैन ।

अन्यको सुख-शान्ति भंग गरेर यदि हामी आफ्नो सुख शान्ति कायम राख्न खोज्यौं, आफ्नो हित-सुख साधन गर्न चाहृयौं भने वास्तवमा हामीले सत्य के हो बुझेका नै छैनौं । आफ्नो आँखामा पट्टी बाँधेर बाटो बिराएको बटुवा जस्तै हुन्छ ।

साधकहरू, आफ्नो साँचो सुख-शान्ति र हित-सुखको लागि अन्य सबैको सुख-शान्ति र हित-सुख सुरक्षित राख्न सिक्नु पर्छ । यही शील सदाचार हो । यसैमा आत्म मङ्गल र सर्वमंगल निहीत छ । यसैमा आत्महित र सर्वहित समाएको छ । अतः स्वच्छ एवं जागरूक रहेर शीलवान बन्ने अभ्यास गरौं । यही नै धर्मको पहिलो कदम हो, जुन मुक्ति मोक्षको लामो यात्रामा अन्तिम क्षणसम्म सहयोगी बन्छ । लामो भन्दा लामो यात्रामा अन्तिम क्षणसम्म सहयोगी बन्छ । लामो भन्दा लामो यात्राको लागि पनि पहिलो चरण त्यति नै महत्त्वपूर्ण हुन्छ । यही पहिलो कदम नै यात्राको अन्तिम विन्दूसम्म पुग्ने कारण बन्छ । पहिलो कदम नै उठेन भने आफ्नो लक्ष्य कसरी पुरा हुन्छ ?

आऊ, साधकहरू ! यस मंगलमयी धर्मयात्राको पहिलो कदम दृढताका साथ उठाऊँ, शीलवान बनूँ, शीलवान बनूँ, शीलवान बनूँ ।

(साभार- 'विपश्यना' वर्ष-३१, अङ्क-१०, माघ २०७१)

❖

## केहैं पुचःद्वारा धर्मकीर्ति विहारलाई Wood Gas Stove दान गरियो



मुलुकले इन्धनको चरम अभाव खेपिरहेको यस संकट घडीमा धर्मकीर्ति विहारको केहैं पुचःद्वारा इन्धनको बचत हुने Wood Gas Stove धर्मकीर्ति विहारको भान्छाको लागि दान गरियो । दाउराको माध्यमबाट Gas मा रूपान्तरण हुने उक्त चुल्हो धुँवा र कालो मोसो रहित छ । दाउरा पनि कम खपत हुने उक्त चुल्हो इन्जीनियरिङ्ग विद्यार्थीहरूको समुह "Everyday Solution Group" का स्वजन प्रजापति, सनी तुलाधर, लोकेश पौडेल, सौरभ विष्ट, सुनिल महर्जन द्वारा तयार पारिएका हुन् । लोडसेडिङ्ग तथा ट्रान्स्फर्मर बिग्रिने जस्ता विद्युतिय शक्तिको पनि संकट भोगिरहेका जनतालाई यो चुल्हो अति उपयोगी हुने छ ।



*प्रस्तुती- केहैं पुचः, धर्मकीर्ति विहार*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–२०

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

हाम्रा पुर्खाहरूले यस्ता यौन क्रिडाहरू धेरै खेले, तिनीहरूलाई थाहा थियो कि कुनै प्रेरणा नै नदिएतापनि यो (यौन प्रवृत्ति) अति नै बलवान हुन्छ। तर आज आएर हामीले प्रेरणा र उत्तेजनाका विभिन्न विज्ञापन दिएर, अति नै महत्व र खुला छुट दिएर यस (यौन प्रवृत्ति) लाई बढावा दिन्छौं र यौनेच्छाको रूकावट भयावहमात्र होइन मानसिक असन्तुलनका कारण पनि हुन् भन्ने धारणाले यसलाई सुसज्जित पारेका छौं।

तथापि यौनेच्छाको नियन्त्रण नै कुनै पनि सभ्यताको प्रथम सिद्धान्त हो। तर आजको हाम्रो सभ्यतामा हामीले तन र मनलाई यौन तृप्तिमा प्रेरित गर्नु नै महानता हो भनेर यौन वातावरणलाई नै प्रदूषित पारिसकेका छौं।

आधुनिक समाजका यस अदृष्य प्रेरकहरूका यौन स्वार्थान्धताको फलस्वरूप आजका युवाहरूमा यौन सम्बन्धी जुन धारणाहरू देखिन थाले, त्यो समाजको लागि अति नै उत्पातपूर्ण हुन थालेको छ। एक निरपराध (निर्दोष) केटीलाई बिना कुनै बाधा कतै जान स्वतन्त्रता छैन। अर्कोतिर नारीहरूले पनि लोग्ने मानिसहरूभित्र लुकेको पशुत्वलाई उत्तेजित नपार्ने खालको पहिरन लगाउनु पर्दछ।

मानिसमात्र त्यस्तो प्राणी हो, जसको लागि यौनशक्ति निस्क्रिय हुने कुनै समय हुन्न। तर दुर्भाग्यवश, व्यवसायिक रूपमा मानिसभित्र रहेको कामुकतालाई उत्तेजित पारिनाले आजको आधुनिक मानिस हरबखत चारैतिरबाट अनवरत रूपमा उत्तेजित भइरहेको हुन्छ।

वर्तमान जीवनका अधिकांश पागलपन यिनै असन्तुलित व्यवहारसँग दाँज्न सकिन्छ। पुरुषहरूबाट एक विवाहको अपेक्षा गरिन्छ, तर स्त्रीलाई आफ्नो पतिको लागिमात्र होइन अरूलाई पनि उत्तेजित पार्ने खालको 'मोहनी' लाउनमा प्रेरित गर्दछ।

कतिपय समाजले एक विवाह प्रणालीलाई बढावा दिएको छ। ताकि अवगुणले भरिएको मानिस पनि आदर्श व्यक्ति बन्न सकोस् याने कि ऊ एक पत्नीप्रति बफादार रहेको होस्। तर यहाँनिर खतरा के आउँछ भने विचारवान् र बुद्धिमान् भनाउँदा मानिसहरूले यी नियमहरू कृत्रिम हुन् र सर्वसम्मत सिद्धान्तमा आधारित छैनन् भन्ने ठानेपछि अरू नीति नियम जस्तै यो पनि पतन हुन जान्छ।

मानिसको सामान्य जीवनमा यौनलाई उचित स्थान दिनु पर्छ; यसलाई न त अस्वस्थकर रूपमा दबाउनु हुन्छ न त खुला रूपमा छुट दिनु हुन्छ। र यसलाई आफ्नो इच्छा शक्तिको अधिनमा उचित र स्वस्थ किसिमबाट राख्नुपर्छ। यौनलाई वैवाहिक जीवनको सबैभन्दा महत्वपूर्ण अंगको रूपमा लिइनु हुन्न। जो यसमा बढी महत्वाकांक्षी हुन्छ ऊ यौनचारको दास बन्छ र उसले विवाहबाट पाउने प्रेम र दयालाई बर्बाद पार्छ। अरूहरूमा जस्तै, यौनेच्छामा पनि एक अर्काको भावना र स्वभावप्रति संयमी र विवेकशील हुनुपर्छ।

विवाह भनेको पुरूष र स्त्री बीच साझा जीवन व्यतित गर्न गरिने एक सम्झौता हो। दम्पत्तिले धैर्य, सहन-शीलता र समझदारी यी तीन मुख्य गुणहरूको विकास र स्याहार गर्नु पर्छ। दुबै जोडीलाई सँगै बाँच्न प्रेम चाहिन्छ भने पुरूष साथीले सुखी परिवारको लागि आवश्यक भौतिक सामानहरू जुटाउनु पर्छ। असल दाम्पत्य जीवनको लागि 'हाम्रो' भन्ने भावना राख्नुपर्छ, 'तिम्रो' वा 'मेरो' होइन। राम्रो जोडी हुन एक अर्काको मन 'खुला' राख्नुपर्छ र 'गोप्य' भन्ने शब्दबाट टाढा बस्नुपर्छ। 'गोप्य' राख्नाले शंका उत्पन्न हुन्छ र शङ्काले दम्पत्तिको 'प्रेम' लाई नष्ट पार्दछ। शंकाले डाह, इर्ष्यालाई जन्माउँछ, डाहले रीस उत्पन्न गर्छ, रीसले घृणा उब्जाउँछ, घृणा शत्रुताका परिणत हुन्छ र शत्रुताले रक्तपात, आत्महत्या र हत्या जस्तो अकथनीय दुःखलाई निम्त्याउँछ।

## मानिस र धर्म

**यस संसारमा धर्म पत्ता लगाउने र पूजापाठ गर्ने प्राणीहरू मानिस मात्रै हुन्।**

मानिसले आफूभित्रको जीवन र आफू बाहिरको संसारबारे जान्ने इच्छा परिपूर्तिका लागि धर्मको विकास गरे। सबभन्दा पहिलेका धर्महरू ब्रह्मवादी (Animistic) थिए र यी धर्महरू मानिसका डर र अज्ञान भयका कारण सृजना गरिएका थिए। समय बित्दै गएपछि यी धर्महरू भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक, राजनैतिक र बौद्धिक वातावरण अनुरूप ढालिदै र बदलिदै गए। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बाबासाहेव डा. भीमराव अम्बेडकर-एक अध्ययन-६

✍ **कृष्ण कुमार प्रजापति**
*नगदेश बुद्ध विहार*

यस महान विभूतिको देह लिला अन्त भएको दिन तपाई हामी बौद्धहरूको निम्ति एक गम्भीर एवं महान दुर्घटनाको दिन भयो । आजको दिनमा वहाँ जस्ता व्यक्तित्वको संस्मरण गरी वहाँको गुणानुस्मरण गरी वहाँको जीवनीबाट सिक्नु पर्ने हो । वहाँको गुणानुकरण र गुणानुस्मरण गरी हामीले पनि वहाँले जस्तै समर्पित भै हाम्रो जीवनको सार प्रकट गर्नु पर्ने हो । वहाँबाट प्रेरणा लिनु पर्ने भनेको साँचो मानेमा वहाँको पुण्यस्मृति गर्नु हो । अब त डा. भीमराव अम्बेडकर भनेको व्यक्ति र शरीर होईन, वहाँ त साँचो मानेमा आन्दोलन हो, विचार हो, संघर्ष हो र महान बोधिसत्व हुनुहुन्थ्यो । वहाँ भनेको त्याग र समर्पणको पर्यायवाची नाम हो । शान्तिका महानायक, महाकारूणिक, तथागत, गौतम बुद्धको मार्ग अनुशरण गरी भन्नुपर्दा, वहाँ डा. अम्बेडकरको भौतिक सशरीर नश्वर भएतापनि वहाँको योगदान, वहाँबाट प्रतिपादित कालजयी रचना भईञ्जेल वहाँ हामीबाट टाढा भएको ठहरिंदैन । "**धम्म काय**" को रूपमा वहाँको विचार, वहाँबाट रचित ग्रन्थहरू, वहाँको गुण र योगदान प्रति अझै ताजा संस्मरण गरिन्छ । वहाँको योगदान र गुणलाई उपेक्षित, उत्पीडित, अछुत एवं दलितहरूले कदापि बिर्सने छैन, सदा अविष्मरणिय भै बौद्ध जगतमा, विद्वत संसारमा वहाँको योगदान सदा बाँची रहने छ ।

वहाँको भौतिक सशरीर नभएतापनि वहाँको आन्दोलित विचार, संघर्षशील, विचार, त्याग तपस्या र समर्पण जस्ता घटना र गतिविधि सदा सदा ताजा र स्वच्छ भै नै रहनेछन् । कदापि विर्सन सक्ने छैन, हुँदैन पनि, तसर्थ वहाँ डा. अम्बेडकरप्रति सच्चा सुमनयुक्त श्रद्धाञ्जली भनेको दु:खको घडीमा गम्भीर भै वहाँबाट प्रेरणा प्राप्त गरी तपाईं हामी सबैले नयाँ क्रान्तिकारी एवं संघर्षशील भावना बुद्धि गरी आ-आफ्नो जातिय स्वाभिमानको गौरब र गरीमा उच्च पारी राष्ट्रिय एकताको भावानाबाट ओतप्रोत भै देश र जनताको अनुहारमा रूपान्तरण गर्ने हो, परिवर्तन ल्याउने हो, नयाँ जनवादी व्यवस्था र प्रथालाई अंगिकार र अवलम्बन गरी शोषित, पीडित वा उपेक्षित जाति, जनजातिको उत्थान गरी नयाँ नेपाल आमाको आकृति र मुहार निर्माण गर्न दृष्टि डाल्ने हो, यसरी समर्पित भै लाग्नु भनेको श्रद्धेय डा. अम्बेडकर तर्फबाट शिक्षा लिइएको ठहर्छ । अनि वहाँ जस्ता महान व्यक्तित्व प्रति सच्चा सुमनयुक्त श्रद्धाञ्जली अर्पण गरेको ठहर्छ । ❖

## लू निभा:या लुमुगु ज:

✍ **प्रेम लक्ष्मी तुलाधर** 'ङत'

न्हित्थं हनाच्वना जीवन थ्व
सेवा सुस्वास्थ्यया आशिका यायां
न्हयाक्व हे या:सां सेवा थन
छुं हे ख्यलय् मदुथे मांया गुणया न्हयोने
सेवां क्वा:गु मन थ्व जिगु
अय्नं मफु थाय्बाय् ममताया न्हयोने ।
ख्यूगुं सरग:या तिमिला जुया:
ज: बियाच्वन ममताया खानी थें
भ्र: भ्र: धा:गु ख्वा: जिमि मांया
न्त्याक्व स्वसां स्वय्मगा:गु
प्या:चा:बले बुंगाचिया ल:थें ।
निभा: बिनावंथें न्ह्यानाच्वंगु जीवन
सेवा जिगु मांया लिक्वय् च्वना:
अथेसां छुं हे मूमदुगु सुन्यगु थाय् थें
त:पा:गु नुग:पाया न्ह्योने
दुनुग:या माया जिगु छुनि छुथें ।
लू निभा:या लुमुगु ज: ख: जिमि मां
न्ह्याथाय् वंसां मनया घण्टिं स:ताच्वनी
पुता छ गन धका:
मव: तले कया च्वनी धन्दा
मांया थ्व गज्यागु मतिना ?
धात्थें धाइगु थ्व हे ख:ला ?
था:गा: मदुगु समुद्रया ल:थें
मांया ममता जा:गु ।



Downloaded from http://www.dhamma.digital

# यात्रा संस्मरण–६
## बुद्धको चारधाम र अन्य भारतका तीर्थस्थलहरूको भ्रमण

✍ डा. नातीमैयाँ मानन्धर भण्डारी

त्यो मन्दिर परिसर यति सफा थियो कि बयान गरेर साध्यै छैन । हाम्रो नेपालमा त्यतिका पुराना मन्दिरहरू र कलाकृतिहरू पूर्णतया संरक्षित राख्न नसक्नाको कारण जतातततै दुर्गन्धित देखिएको सम्झना पनि भएर आयो । साँझ तिर फेरि दिल्लीको धर्मशालातिर नै फर्केर आएका थियौं । रात्री समयमा फेरि त्यहाँबाट ऋषिकेशको लागि बसबाट हिडेका थियौं ।

माघ १८ गते बिहान नौबजे तिर हामी ऋषिकेश नजिकै राधाकृष्ण मन्दिरनिर चिया खान ओर्लियौं । यो ठाउँ नेपाल जस्तै लागेको थियो । ऋषिकेशमा हामीले अन्तर्राष्ट्रिय परमार्थ निकेतन, लक्ष्मण-भूला, आदि ठाउँहरूको अवलोकन भ्रमण गर्न टुरिष्ट वसलाई त्यहाँनै छाडेर साना गाडीहरूबाट यात्रा गरेका थियौं । त्यहाँ हामीले शान्तिकुञ्ज, राधाकृष्ण, मन्दिर, शिवमूर्ति, लक्ष्मण-भूला, शिवलिङ्ग, अखिलेश्वर मन्दिर, त्रिवेणीघाट ऋषिकेश, रामभूला, गीताभवन परमाथि निकेतन आदिको अवलोकन पछि नौकाबाट नदीपारगरी हाम्रो बस राखेको ठाउँमा गएर, हरिद्वारको लागि फेरि यात्रा सुरू गरेका थियौं । हामी साँझ ४ बजे तिर नजिकैको एउटा धर्मशालामा बासबस्न गएका थियौं । त्यहाँ धर्मशालाका भित्तामा केहि राम्रो कविरका दोहाहरू लेखेर राखेको मैले पनि सारेर ल्याएकी थिएँ त्यसको दुई लाइनमात्र यहाँ उल्लेख गर्न लागेकी छुँ जुन निम्न छ–

**काम अच्छे करलो, अच्छी जिन्दगानी आपकी ।**
**लोगभी सिखे सबक, सुनकर कहानी आपकी ॥**

सोमवार माघ १९ गते हामी हरिद्वार गएका थियौं । हरिद्वार असाध्य रमणीय तीर्थ-स्थल रहेछ । जीवनमा एकचोटी पुग्नै पर्ने ठाउँ रहेछ । हरिद्वारमा बसबाट ओर्लेपछि हामी हिंडेर गगांजीको नजिकै गएर फेरि पुलपारी गई मां-चन्दिदेवीको दर्शनको लागि केवलकार (उडन खटोला) चढेर गयौं । दिउँसोभरि हरिद्वार भ्रमण गरी करीब ४.४५ बजेतिर हरिद्वारबाट रात्रीखानाकोलागि फेरि धर्मशालामानै फर्केर गएका थियौं । रात्रीखाना पछि हामी धर्मशालाबाट लखनउको लागि प्रस्थान गरेका थियौं । रातभरीको थकान मेटाउन र खानाखान लखनउको शहर भन्दा बाहिरको बाटोमानै खानाखान बस रोकेको थियो । त्यही दिन खाना खाई सकेपछि लखनउको भुलभुलैया हेर्न गएथ्यौं । लखनउमा पहिले पनि गईसकेको मलाई केहि नौलो लागे थिएन । त्यो भुलभुलैया लखनउका नवाबहरूले अनिकालको समयमा त्यहाँको जनताहरूलाई काम दिनको लागि बनाएको, दिनभर बनाउन दिने र रातभरी भट्काउने गरी धेरै समय लगाएर बनाएको भन्ने आफुले सुनेका कुराहरू हाम्रा सहयात्रीहरूलाई बताएका थिए ।

त्यसपछि लखनउमा नै हामीले डा.भीमराव अम्वेडकर सामाजिक परिर्वतन स्थलको अवलोकन भ्रमणमा गएका थियौं । यो स्थल उत्तरप्रदेशका सरकारले बनाएको भन्ने सुन्नमा आयो । यो स्मारकको लोकार्पण त्यहाँकी मुख्यमंन्त्री सुश्री मायावतीले सन २००३ सालमा गरेकी रहिछन् । डा.अम्वेडकरले सन १९१६ मा कोलम्बिया विश्वविद्यालयबाट विद्याबारिधिको उपाधि प्राप्त गर्नु भएको थियो । उहाँको विद्याबारिधिको विषय "National Divedend of India - A Historical and analytical study" हो । उनको भगवान बुद्ध प्रति प्रगाध आस्था थियो । उनी बौद्ध दर्शनका विज्ञ पनि हुनुहुन्थ्यो । सन १९५६ नोभेम्वर महिनामा नेपालमा सम्पन्न भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा उहाँले पनि भागलिनु भएको थियो र उक्त, अवसरमा उहाँले "बुद्धमत" भनेको सर्वश्रेष्ठ मत हो भन्ने अभिव्यक्ति आफनो भाषणमा दिनु भएको रहेछ । यो स्थल पनि लखनउमा हेर्न लायकको रहेछ भन्ने सम्झेर त्यहाँबाट फर्केर आयौं ।

लखनउबाट त्यहीरात श्रावस्तीमा बास बस्नको लागि हिडेका थियौं । माघ २ गते हामी श्रावस्तीमा पुगेका थियौं र रात्रीबास हामी नेपाल भारत मैत्री बुद्ध विहारमा बसेका थियौं । राती धेरै ढिलो खाना खाएर सुतेको भएर हामी उठ्न पनि ढिलोनै उठेथ्यौं । बिहानको चियापानपछि खाना खाएर श्रावस्ती घुम्ने कार्यक्रम तयार भयो । सुदत्तको जन्म त्यही श्रावस्तिमा भएको थियो । पटाचारको जन्म पनि त्यही श्रावस्तीमा भएको थियो । श्रावस्तीमा नै विहार थियो । त्यहाँ महामाँकल थाइ विहारको पनि अवलोकन भ्रमण गरियो । जेतवन विहार गन्धकुटीको सामने अवस्थित रहेछ । गन्धकुटी कौसाम्वीकुटी समान रहेछ बुद्धले आफ्नै उपयोगको लागि गौरवान्वित गर्नु भएको थियौं । यो कुटी भवन अनाथपिण्डिकले निर्माण गरेको रहेछ । गन्धकुटीको



Downloaded from http://www.dhamma.digital

विहार जेतवन विहार भित्र गन्धकुटी अगाडि छ। गन्धकुटीको माने बासना आउने कुटी भन्ने बुझिन्छ । त्यतिबेला बनेको यो विहार १५० बिघा जमीनमा फैलिएको र कुल रू. ३६ करोड खर्च गरेर निर्माण गरेको भन्ने कुरा पनि भन्तेबाट सुन्न पाएका थियौं। भगवान बुद्धले 'बुद्धत्व' प्राप्त गरी सकेपछि सबभन्दा धेरै उपदेश दिनु भएको र धर्मका सम्बन्धमा बुद्धले धेरै कुरा सुनाउनु भएको ठाउँ पनि यहि रहेछ। यो स्थानमा भगवान बुद्धले ३८ वटा मंगल देशनाहरू गर्नु भएको रहेछ ।

उत्तम मंगल के हो ? भन्ने कुरामा भगवान बुद्धले मूर्खको संगत नगर्नु, सम्मान गर्नु पर्नेको सम्मान गर्नु, सोचेर काम गर्नु, आदि इत्यादि कुराहरूको ज्ञान पनि श्रावस्तीमानै दिएको रहेछ । किशा गौतमी र पटाचारीका घटनाहरू पनि यहि श्रावस्तीमा नै घटेका रहेछन् । पटाचारीको आफ्नी मातापिताको इच्छा बिपरित बिवाह गरे पश्चात् दुई वटा बच्चा जन्माएपछि श्रावस्तीमा मातापिताको दर्शनार्थ आएको बेला श्रीमान् र दुईवटा बच्चाहरूको बाटोमै मृत्यु भई गुमाए पछि बुद्धको सल्लाह अनुसार "भिक्षुणी संघ" को शरणमा गएर भिक्षुणी भएकी थिइन् । त्यसपछि उनी सर्वसाधारणको सेवा, धर्मोपदेश र सतपथतिर जाने प्रेरणा प्रदान गर्न आफ्नो सारा जीवन बिताएकी थिइन् । "पिटक" मा उल्लेख गरेको छ कि उनले ५०० स्त्रीहरूलाई राम्रो धर्मोपदेश सुनाएपछि सबैले भगवान बुद्धको नविन धर्ममा दिक्षा लिएका थिए ।

त्यस्तै किसा गौतमी एक गरीबकी छोरी भएकोले विवाह गरेको घरमा उनलाई कसैले आदर गर्दैनथ्यो। उनले एउटा पुत्र जन्माएपछि भने उनीले माया पाएकी थिइन् । एकदिन उनको छोरालाई सर्पले टोकेर मारेपछि गौतमी बेहोस भएकी रहेछ। होश आएपछि पागल भएछ। त्यसपछि मृतक छोरालाई गोडमा लिएर उनले "मृत्युसंजीवनी" खोज्दै भौंतारिन थालिन् । उनले बाटोमा धर्मप्रचार गर्दै हिँडेको बुद्ध भगवानको अगाडी छोराको मृत शरिर राखेर जीवन दानको लागि आग्रह गरेकी थिइन् । भगवान बुद्धले एक मुठी रायोको गेडा कोहि नमरेको घरबाट ल्याउन उनलाई सल्लाह दिनु भएको थियो । उनी धेरै घरहरूमा घुमेता पनि बुद्धले भने अनुसार ल्याउन सकेकी थिईनन् । त्यसपछि भगवान बुद्धले उनलाई जन्मनु र मर्नु संसारको नियम भनेर उपदेश दिएपछि गौतमीलाई ज्ञान प्राप्त भयो । अनि पुत्रको दाहसंस्कार गरेपछि धर्मसेवाको लागि भिक्षुणी संघको शरणमा गएकी थिईन् । उनको उपदेश थेरी गाथामा पाइन्छ । उनको उपदेश अनुसार साधु पुरूषसंग मित्रता गर्नु हितकर हुन्छ, प्रज्ञा बढछ र पाप र दुःखको नाश हुन्छ ।

हामीले आनन्दबोधि वृक्षको पनि अवलोकन गरेका थियौं । त्यो बोधिवृक्ष धेरै समयको २५५८ वर्षको पुरानो भएकोले नढलोस् भन्नाको लागि त्यसमा फलामको अडेसाहरू तीनतिरबाट भऱ्याङ्ग जस्तो बनाएर राखिएको रहेछ । त्यहाँबाट हामी थाईमन्दिर पनि हेर्न गएका थियौं। त्यस मन्दिर भित्र भगवान बुद्धको ठूलो मूर्ति अगाडि हामीले बुद्धलाई बन्दना गरी त्यहाँबाट बाहिर आएर नवजेतवन महाविहार (श्रीलंङ्का) को पनि अवलोकन गर्न गएका थियौं । ओझाभार, जैनविहार आदिको पनि भ्रमण गर्न गएका थियौं । यसरी हाम्रो यात्रा ज्यादै रमणिय भएको महसूस भएथ्यो ।

त्यसपछि हामी बिहिबारको दिन २२ गते बिहान ३:३० मा उठेर ४:१५ बजे नै हामीले रिजर्भ गरेर गएको गाडीबाट भारतको कपिलवस्तु भन्ने ठाउँका लागि हिँडेका थियौं । बिहान १० बजे हामी महेन्द्र विहार कपिलवस्तुमा पुगेका थियौं । त्यहाँ पुगेपछि हामीले कपिलवस्तुको मनुमेण्टसहरू हेरेका थियौं। यो ठाउँको निर्माण गौतमबुद्धको परिनिर्वाण पछि भएको भन्ने कुरा पनि त्यहाँ सुनाउनु भयो । त्यसपछि श्रावस्तीको विहारमा खाना खाईसकेपछि "लुम्बिनीको विहारमा रातीको बासबस्न त्यतातिर लागेका थियौं । साँझपख लुम्बिनीको गौतमी धर्मकीर्ति विहारमा हामीलाई ल्याइपुरयायो। हामीले धेरै लामो समयसम्म भारत र नेपालका बिभिन्न बुद्धस्थ र अन्य धार्मिक स्थलहरूको भ्रमण गराएर फर्काएका उक्त टुरिष्ट बसको गुरूजी र खलासीलाई गौतमी विहारबाट सम्मानका साथ बिदाई पनि गरेका थियौं । उक्त अवसरमा खलासिलाई रोएर गएको दे खेथ्यें । माघ २३ गते काठमाण्डौं फर्कनको लागि नेपाली बसको ब्यवस्था पनि विहारबाटै गरिदिएका थिए ।

यसरी माघ ४ गते देखिको बुद्धतीर्थ यात्राको बुद्धको चारधाम र अन्य स्थलहरूको भ्रमण पछि हामी सुरक्षितसाथ काठमाण्डौं माघ २३ गते शुक्रबारको दिन ५ बजेतिर नै घर फर्केका थियौं । हामीलाई यसरी आरामका साथ यात्रागराउन सहयोग पुऱ्याउनुहुने भन्ते, गुरूमांहरू, र अन्य सहयात्री दाज्युभाई र दिदीबहिनीहरूलाई हृदयदेखि धन्यबाद दिँदै यस तीर्थस्थल संस्मरण यहिं बिट मार्दछु ।

"भवतु सब्ब मंगलं"



Downloaded from http://www.dhamma.digital

# भूकम्प, वेदना र भगवान् बुद्ध–२

✍ एलपी भानु शर्मा

भगवान बुद्धका जीवनका हरेक क्षण र क्रियाकलाप (बस्नु, सुत्नु, उठ्नु, हिँडनु, जन्मनु, मर्नु) सबै ध्यानमय छन् । जीवनका समस्या जे र जस्ता पनि छन्, उहाँ भन्नुहुन्छ ध्यान नै एकमात्र समाधान हो । रोग अनेक छन् तर ओखती एउटै छ-ध्यान । त्यसैगरी मूलभूत प्रश्न अनेकौं छन्, जस्तै जीवन के हो ? मृत्यु के हो ? दुःख मुक्तको उपाय के हो ? मृत्युमा हामी कहाँ जान्छौं ? ईश्वर छ कि छैन ? मोक्ष के हो ? आदि सारा प्रश्नको जवाफ उहाँ सिद्धान्त या तर्कबाट नदिई 'ध्यान गर उत्तर आफै पाइहाल्छौ' भन्नुहुन्थ्यो । यसरी बुद्धले ध्यानलाई धर्म, साधना र जीवनको केन्द्रविन्दुमा लगेर स्थापित गर्नुभयो । धर्मका अरू उपलब्धिजस्तै प्रेम, करूणा, निर्वाण इत्यादि ध्यानकै वृक्षमा लाग्ने फलको रूपमा उहाँले व्याख्या गर्नुभयो । यसरी उहाँले त्यो बेलामा प्रायः लोप, भइसकेको ध्यानको विज्ञानलाई पुनर्जीवित मात्र गर्नु भएन, फेरि मनुष्यको चेतनामा पूर्ण रूपमा प्रवाहित गरि दिनुभयो ।

उहाँले भन्नुभएको छ, ध्यान गर, पवित्रतामा जीवन बाँच, शान्त रह, कुशलताका साथ आफ्नो कर्म गर, चन्द्रमा जस्तै बादलको पछाडिबाट बाहिर, आउ, चम्कनु तिम्रो स्वभाव हो । आफ्नो मुक्तिको लागि आफैं परिश्रम गर, अरूको भर नपर' । यसरी उहाँले स्वर्ग या आकाशमा रहने काल्पनिक ईश्वरको प्रलोभन र भयबाट मनुष्यलाई सदाका लागि मुक्तगरिदिनुभयो । उहाँको अर्को सुन्दर भनाइ छ, आफ्नो दियो आफैं बन, आफ्नो शरण आफैं बन । सत्यलाई दियोको रूपमा ग्रहण गर, सत्यलाई नै शरणको रूपमा ग्रहण गर र आफुबाहिर कुनै शरण नखोज ।

हामी प्रत्येकभित्र ऊर्जा, साहस, शान्ति, प्रेम र धैर्यको एउटा महासागर नै लुकेर बसेको हुन्छ । हाम्रो मन केवल बाहिरी वस्तु, सम्बन्ध र विषयमा चौबीसै घण्टा व्यस्त रहने हुनाले आफूभित्रै रहेको यो अनन्त सम्भावनासँग हाम्रो परिचय कहिल्यै पनि हुन पाउँदैन । ध्यान हो आफूतिर फर्कनु आफूलाई नै खोतल्नु । बुद्ध भन्ने गर्नुहुन्थ्यो । जसले आफूभित्र खोज्न थाल्यो उसको हात कहिल्यै खाली फर्किएन, उसले नै सबै कुरा पायो ।

ध्यानले आन्तरिक रूपमा व्यक्तिलाई भित्रबाट नै सबल बनाई जतिसुकै ठूलो प्रतिकूलतासँग पनि लड्न सक्ने शक्तिजगाउँछ । आज हामीलाई मूल अस्त्रको रूपमा यही बल चाहिएको छ । ध्यानको बाहिरी परिणाम भने करूणा, प्रेम र सेवाको रूपमा रहेको शक्तिलाई चिनेको छ, उसले जीवनभर अरूलाई पनि सबल र सक्षम बनाउने काम गर्न थालिहाल्छ । यसैलाई सेवा भनिन्छ । दुःखी व्यक्तिले नचाहेर पनि सेवाको रूपमा दुःख मात्र बाँड्न सक्छ । खुसी व्यक्तिले आफूसँग खुसीयालीको एउटा आभामण्डल नै लिएर हिँड्छ, जसको सम्पर्कमा आउने प्रत्येकको जीवन थाहै नपाईकन रूपान्तरित हुन्छ ।

आजको महाशोकलाई शक्तिमा बदल्न र आन्तरिक एवं बाह्य सम्पन्नताको बाटो खोज्न बुद्धको सर्वाधिक ठूलो उपहार ध्यानलाई आत्मसात गर्नु अत्यावश्यक छ । महाभूकम्पबाट सिर्जित महापीडाले लाखौं देशवासी मनोरोगको सिकार बन्नुभन्दा पहिले नै ध्यानको कला सिकेमा हाम्रो घाउ छिट्टै भरिने थियो र पुननिर्माणको महायज्ञका लागि हाम्रो मन तयार हुने थियो । मनभित्र भयंकर पीडा बोकेर कुनै महत्त्वपूर्ण कार्य गर्न असम्भव प्रायः नै हुन्छ ।

जब सारा विश्वले नै भगवान बुद्धका सन्देशमा आफ्ना समस्त दुःख चिन्ता र पीडा बिसाउने आश्रयस्थल पाएको छ भने हामी पनि आफ्नै अग्रजले सिकाएको बाटोमा हिँडेर नयाँ जीवन प्राप्त गर्न सक्छौं । हामी त एक अर्थमा भाग्यमानी नै छौं, किनभने हाम्रा परम्परा, धर्म र संस्कृतिमा ध्यानको अनुकूल वातावरण छ ।

आफूलाई सबल र शान्त बनाई पुनःर्निमाणको नयाँ युग प्रारम्भ गर्न ध्यानको एउटा अभियान नै चलाउने हो कि ? *(साभार- अन्नपूर्ण' २०७२ वैशाख २१ गते, सोमवार)*

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनयात चन्दा सहयोग

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनयात रू. २५००/– चन्दा सहयोग बियादिसे पूण्य सञ्चय यानादीगु दु । वयकःयात थुगु समूहलं साधुवाद देछाःगु दु ।



Downloaded from http://www.dhamma.digital

# सम्राट अशोकको गुण स्मरण

✍ **श्यामलाल चित्रकार**

**परिचय** : २०७२ साल कार्तिक ५ गते बृहस्पतिवार का दिन भारतका सम्राट अशोक इं.पू. ३०४ – ई.पू. २३२) ले शस्त्र परित्याग गरेको दिनलाई सम्झेर थेरवाद बौद्ध दायक केन्द्रिय परिषद र नरः बुद्ध विहारको संयुक्त आयोजनामा नरः बुद्ध विहार रूद्रमती मार्ग, हाँडीगाउँमा २२७७ औं दिवस मनाईयो । २२७७ औं दिवस भन्नाले सम्राट अशोकले ई.पू. २६२ मा अस्त्र परित्याग गरेको भन्ने बुझिन्छ भने उहाँको राज्याभिषेक भएको ८ बर्ष पछि अर्थात ई.पू. २६० मा कलिंग लडाईंमा विजय प्राप्त भए पछि मात्र शस्त्र परित्याग गरेकोले जुन कुरा उहाँले स्थापना गरेको शाहवाजगढी शिलाः त्रयोदश अभिलेखले पुष्ट्याइँ गर्दछ । अतः २२७५ औं दिवस हुनु पर्ने जस्तो देखिएकोले अनुशन्धानको विषय भएको बुझिन्छ । अस्त्र परित्याग गरेको दिवस मनाउनुको मुख्य उद्देश्य सम्राट अशोकले विश्वलाई खासगरी नेपाललाई लगाएको गुणलाई स्मरण गर्ने र कृतज्ञता ज्ञापन गर्ने हो । साथै ती गुणहरूलाई विश्वका शासकहरू जस्तै राजा, राष्ट्रपति, प्रधान मन्त्री, इत्यादिहरू अधिकार सम्पन्न अधिकारीहरू, प्रभावशाली उद्योगपतिहरू र व्यापारीहरू तथा सर्व साधारण जनताहरूले अनुशरण गर्न चेतना आवस् भन्ने पनि उद्देश्य हो ।

**सम्राट अशोकको परिचय** : भारतको इतिहासमा मात्र होईन संसारकै इतिहासमा राजा अशोकको नाम सुप्रसिद्ध छ । अशोक चन्द्रगुप्त मौर्यको नाति, बिन्दुसारको माहिलो छोरा बाल्यकाल देखि शुरबीर, प्रतापि, युद्धकालमा निपुण र तिक्ष्ण बुद्धि भएको व्यक्ति थियो । बौद्ध परम्परा अनुसार राजा बिन्दुसारको १६ रानीहरूबाट १०१ जना छोराहरू उल्लेख भएको पाईन्छ । जेठो छोराको नाम सुसिम हो भने कान्छो छोराको नाम तिष्य अशोकको आफ्नै सहोदर भाई भनि उल्लेख भएको पाईन्छ । अशोकको आमाको नाम धर्मा हो र शुभद्रांगी पनि भनिन्छ । अशोक अवन्तीमा हुंदा देवी संग विवाह गरे र उनीबाट महेन्द्र र संघमित्रा दुई जना जुमल्याहा छोरा छोरी भए । अशोक एक ताक कलिंगमा रहँदा माझिका छोरी कारूबाकी संगको प्रेम विवाहबाट एउटा तिबिर नाम गरेको छोरो थियो । कारूवाकी बौद्ध उपासिका भई सन्यासी भईन् । रानी कारूबाकी की सल्लाह बमोजिम सम्राट अशोकले आफ्नो जीवन शैली परिवर्तन गर्दै लगेको कुरा उल्लेख भएको पाईन्छ ।

**गुण स्मरण** : भगवान बुद्धले हाम्रो जीवनमा मंगल हुने, राम्रो हुने, शुभ हुने, फाईदा हुने उपदेशहरू दिनु भएको मध्ये यो यो ३८ वटा उपदेशहरू पालना गरे मंगल हुन्छ भनी मंगल सूत्रमा देशना गर्नु भएको कुरालाई उल्लेख गर्न चाहन्छु ।

**गारवो च निवातो च सन्तुट्ठी च कतञ्ञुता ।**
**कालेन धम्म सवणं, एतं मंगल मुत्तमं ॥**

अर्थ : गौरव गर्न योग्य व्यक्तिलाई गौरव गर्नु, नम्र स्वभावको हुनु, कृतज्ञ हुनु, बेलाबखतमा धर्म श्रवण गर्नु-यी उत्तम मंगल हुन् । यो संसारमा गुण गर्ने व्यक्ति दुर्लभ छन् भने गुणलाई सम्झेर कृतज्ञ हुने व्यक्ति झन दुर्लभ छन् । मैले जाने बुझे सम्म सम्राट अशोकले धेरै गुण लगाएको छ त्यस्को लागि म नतमस्तक छुं। उहाँलाई श्रद्धाञ्जलि अर्पण गर्दछु ।

**सम्राट अशोकको केहि गुणहरूको वर्णन** : सुशिल, सहनशील, धर्मभिरू, औषधि उपचारका निपुण आमा धर्माको लालन पालनले अशोक बाल्यकालमा निकै परिश्रमी, ज्ञानी, आज्ञाकारी र शुरवीर थियो । अशोक लडाकु भए पनि निर्दयी र ह्रिंसक थिएन । जेठा छोरा सुसिम रिसाहा र घमण्डि थियो । त्यो भन्दा अशोक बढि योग्य देखिएको र मन्त्रिहरूले पनि रूचाउने भएकोले भावी राजा हुनकालागि निश्चिन्त हुन अशोकका विरूद्ध अनेक षदयन्त्र हुन लाग्यो ।

सुसिमको कुरालाई मानेर राजा विन्दुसारले अशोकलाई दुई पटक निर्वासन गरे । राज्यसत्ताको लागि दरवारिया षदयन्त्र झैल्दै आफ्नो प्राण रक्षाकालागि र आचार्य चाणक्यको सदिक्षा अनुसार मगध सामाज्यको भविष्यको लागि अशोक बाध्य भएर लडाईमा होमिएर ह्रिंसक बनेको देखिन्छ । अशोकको चतुऱ्याईले सुसिमलाई



Downloaded from http://www.dhamma.digital

आगोको भुंग्रोमा खसालि हत्या गरियो। ९९ भाईहरू मध्ये कतिपयलाई अशोक आफूले मारेको थियो। आफ्नै भाई तिष्य बाहेक ९९ भाईहरूलाई हत्या गरी मगध साम्राज्यको राजा भए। पुरानो राजाहरूको नीति बमोजिम राज्य विस्तारमा लागेर अरू राज्यहरूलाई अत्याचार पूर्वक दमन गरे। त्यसैले अशोक चण्डाशोकको नामले प्रख्यात भए। हुँदा हुंदै पाटलिपुत्रको दक्षिण पश्चिमी सिमामा रहेको सार्वभौमसत्ता, स्वतन्त्र, प्रजातान्त्रिक, राजतन्त्रात्मक शासन भएको संबुद्ध कलिंग (हाल उडिसा) राज्य माथि आँखा लगाए। ६००००० सैनिक, ३०००० घोडचढि सैनिक, ९००० लडाकु हात्ति समेतको त्यतिबेलाको विशाल सैन्य वल भएको राज्यले कुनै खास कारण बिनानै ई.पू. २६० तिर कलिंगमा हमला गरे। कलिंगका सैनिकहरूले अन्तिम घडि सम्म आत्म सम्मानकासाथ बीरता पूर्वक लडे। संसारमा भएका लडाईंहरू मध्ये कलिंगको लडाई अत्यन्त भयावह र विनासकारी थियो। अशोकले लडाईं मैदान निरिक्षण गर्न जाँदा छटविछट मृतकहरूको लासहरू, छटपटिएका घाईतेहरू, बालकहरूको रोदन, आईमाईहरूको चिच्चाहत, सारा शहर जलिरहेको, त्यहाँको संगै बगीरहेको दया नदि रगतले रातै देखिएको ईत्यादि हृदय बिदारक दृश्यहरूले अशोकको मन साह्रै विरक्त भयो। संसारमा विजयी भएका राजा खुशीले उन्माद हुन्थे तर अशोकलाई अत्यन्त दुःख र पश्चाताप भयो। त्यसपछि अशोकले हत्या, हिंसा, दमन, दुःख पीडा दिई दिग्बिजय गर्न छोडेर अहिंसा, दया, करूणा, शान्ति, सुख सुविधा दिई धर्म विजयको बाटोमा लागे। यसरी चरम निर्दयीताबाट चरम करूणामा हृदय परिवर्तन हुनु अशोकको बिलक्षण गुण स्मरण गर्न योग्य छ। आफ्नो ४० वर्षको राज्यकाल मध्ये २७ वर्ष सारा जनता र पशु पंक्षीलाई समेत वढि भन्दा बढि सुख सुविधा र अमन चयन कायम गर्न धार्मिक कार्यहरू गरे। अशोकले बौद्ध संवेजनीय स्थलहरू भ्रमण गर्ने सिलसिलामा उहाँ ईपू. २४८ मा बुद्ध जन्मेको स्थल नेपाल लुम्बिनीमा पनि आउनु भयो र प्रमाण स्वरूप शिला स्तम्भ राखेर जानु भयो। यो शिला स्तम्भ नभएको भए बुद्ध जन्मेको ठाउँ नेपाल भनेर गर्व गर्ने अवसर हुने थिएन। उस्ले गरेका धार्मिक ठाउँ नेपाल भनेर गर्व गर्ने अवसर हुने थिएन। उस्ले गरेका धार्मिक राज्य नीति र कार्यहरू बारेको प्रमाण उसैले स्थापना गरेको ऐतिहासिक शिला स्तम्भहरू ज्वलन्त छन्। तिनीहरू मध्ये निम्न लिखित विषयहरूमा अशोकको नीति वा गुण स्मरण गर्न गराउन शिलाले खहरूमा उल्लेखित कुराहरू उद्‌घृत गरी प्रष्ट गर्न प्रयास गरिएको छ।

१) **कलिंग लडाईमा विनास बारे** :

कलिंगमा हत्या र विनासको विवरण यस प्रकार उल्लेख छ।

**शाहबाजगढी शिला : त्रयोदश अभिलेख** - देवानांप्रिय प्रियदर्शी राजाको अभिषेक भएको ८ वर्ष पछि (उस्ले) कलिंग माथि विजय प्राप्त गरे। त्यहाँबाट डेढ लाख प्राणीलाई बन्दी बनाएर बाहिर पठाईयो, एक लाख त्यहाँ मारियो र यस्को धेरै गुणा मर्‍यो। कलिंग माथि बिजय पाएर देवानांप्रियलाई पश्चाताप भयो।

२) **अहिंसा बारे** : पशु बलि दिन राज्यले पोषण गरेको देश नेपालमा कानूनबाटै खुलेयाम पशु बलि दिने प्रथा तुरून्त प्रतिबन्ध लगाउन जोडदार माग गरिन्छ। नर वलि दिने सम्म जनतामा भएको कुबुद्धि(बालिका नाममा बालकको हत्या शिर्षकमा नागरिक दैनिकको मिति २०७२ साउन १० गतेको समाचार) सुप्रियोस् भनि कामनाका साथ अशोकको नीति निम्न बमोजिम उद्‌घृत गरि प्रष्ट देखाईएको छ।

**गिरनार शिलः प्रथम अभिलेख** - यहाँ कुनै जीवको हत्या गरी होम गर्न पाईदैन। पहिले देवानांप्रिय प्रियदर्शी राजाको भान्छाघरमा प्रतिदिन धेरै नै सयकडौं-हजारौं प्राणीहरू सूप बनाउन हत्या गरिन्थ्यो। तर आज, जर्बाक यो धर्मालपि लेखिएको छ, सूपको लागि तीन प्राणी मात्र हत्या गरिन्छ - दुई वटा मयूर र एक पशु - र यो पशु पनि संधैकालागि होईन। यी तीन प्राणी पनि पछि हत्या गरिन्दैन।

**स्तम्भ देहली-टीपरा : पञ्चम अभिलेख** - देवानाप्रिय प्रियदर्शी राजा यसरि भन्नु हुन्छ - (मेरो) अभिषेकको २६ वर्ष बितिसकेपछि मैले यी प्राणीहरूको अवध्य घोषित गरी दिएको छुं। ती प्राणीहरू - तोता, मैना, अरूण, चकवा, हंस नदीमुख, गेलाट, जतुका, छोटी चीटी, कछुवी, बिना हाड वाला मच्छ वेदवेयक,



Downloaded from http://www.dhamma.digital

गंगापुपुटक, शकुल-मत्स्य, कछुवा, र शल्यक, पर्णशश, बारहसिंघा, सांड, ओकपिंड, गैंडा, श्वेत कपोत, ग्राम कपोत (र) सबै चौपायहरू जो उपयोगमा ल्याइन्दैन र खाईन्दैन ।

३) **धर्म निरपेक्षता बारे :**

सबै मानिसले आ-आफ्नो श्रद्धा अनुसार धर्म अंगाल्न पाईन्छ। एक धर्मावलम्बिले अर्को धर्माबलम्बिलाई दमन र हेला गर्न पाईन्दैन तथा धर्म परिवर्तनका लागि लोभ लालच र दवाव दिन पाईन्दैन। राज्यले सबै धर्मलाई बराबर दृष्टिकोण र संरक्षण दिनु पर्दछ। यो नीति बाईस सय वर्ष पहिले अशोकले अपनाएको थियो ।

**गिरनार शिला : सप्तम अभिलेख** - देवानाप्रिय प्रियदर्शी राजा ईच्छा गर्दछ की सबै सम्प्रदायहरू सबै ठाउँमा रहुन् । ती सबै संयमित र चित्त शुद्धि भएको हेर्न चाहन्छु ।

**गिरनार शिला : द्वादश अभिलेख** - देवानाप्रिय प्रियदर्शी राजा सबै सप्रदायहरू गृहत्यागीहरू तथा गृहस्थहरूलाई सम्मान गर्दछ । (त्यसले) दान र विविध प्रकारको अर्चनाले तिनीहरूको सत्कार गर्दछ । तर देवानांप्रिय दान अथवा अर्चनाको त्यति (महत्वपूर्ण) मान्दैन जति ती संप्रदायहरूमा सारको बुद्धिमा मान्दछ।

गुफा : **बराबर प्रथम अभिलेख** - अभिषेकको बारह वर्ष पछि राजा प्रियदर्शी द्वारा यो निग्रोध गुफा आजीविकाहरूलाई दिईयो ।

४) **विदेश नीति बारे :**

